२२ औ नगरपरिषदको वजेट नीति तथा कार्यक्रम सार्वजनिककीकरण समारोहका
प्रमुख अतिथि माननीय संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री श्री आनन्द प्रसाद पोखरेलज्यू,
प्रमुख जिल्ला अधिकारीज्यू,
स्थानीय विकास अधिकारीज्यू,
पूर्व नगर प्रमुख, उप प्रमुख एवं पदाधिकारीज्यूहरु,
प्रमुख सेनानीज्यू
प्रहरी नायव उपरिक्षकज्यू
नगरमा प्रतिनिधि गर्ने राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
कार्यालय प्रमुखज्यूहरु,
नेपाल पत्रकार महासंघ दोलखाका सभापति वा प्रतिनिधिज्यू,
दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधिज्यू,
वडा स्तरिय राजनैतिक दलका प्रतिनिधिज्यूहरु,
पेशागत संघसस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
आमन्त्रित संचारकर्मीज्यूहरु,
बुद्विजीवी, नगरवासी दाजुभाइ/दिदीबहिनी, सुरक्षाकर्मीहरु एवं कर्मचारी मित्रहरु तथा अन्य
उपस्थित महानुभावहरु,

भीमेश्वर नगरपालिकाको २२ औं नगरपरिषदका निर्णयहरु सार्वजनिकीकरण समारोहमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु लगायत यहाँहरु सवैलाई भीमेश्वर नगरपालिकाको तर्फबाट म हार्दिक स्वागत गर्दछु ।

नेपालको राजनीतिक, आर्थिक, सामाजिक तथा सुसँस्कृत नेपाल निर्माणको लागि विभिन्न चरणमा भएका आन्दोलनका क्रममा आफनो अमूल्य जीवन त्याग गर्नुहुने सम्पूर्ण शहीदहरु र २०७२ साल वैशाख १२,१३ र २९ गते आएको विनाशकारी भुकम्पमा परी ज्यान गुमानु हुने नगरवासिप्रति म हार्दिक श्रन्दाञ्जली अर्पण गर्दछु ।

**आदरणीय महानुभावहरु,**

स्थानीय निकाय भनेको वास्तवमा स्थानीय सरकार नै हो र यसको संचालन जनप्रतिनिधिहरुले नै गर्ने हो, तर बिडम्बना जनप्रतिनिधिहरुद्वारा संचालित हुनु पर्ने नगरपालिका विगत लामो समय देखि कर्मचारीहरुबाट संचालित रहेको अवस्था छ । यस्तो अवस्था भएपनि स्थानीय राजनीतिक दलहरुसंगको समन्वय र सहकार्यमा नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रमहरु संचालन गरिरहेको यहाँहरु सवैलाई सर्वविदितै छ र भविष्यमा पनि यहाँहरुको सार्थक सहयोग हुने नै छ भन्ने मैले विश्वास लिएको छु ।

हामीले यस अर्थमा खुसी मान्नु पर्छ वर्तमान नेपालको संविधानले संध, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय व्यवस्था गरेकोमा स्थानीय जनतासँग प्रत्यक्ष सम्पर्क रहने नगरपालिकाको महत्वपूर्ण भूमिका स्थापित गरेको छ । स्थानीय सेवाको व्यवस्थापनमा नगरपालिकाले आफ्नो क्षेत्रमा अग्रणी भूमिका खेल्नु पर्ने भएकोले स्थानीय राजनीतिकदलहरुले मानसिक रुपमा अहिलेदेखि नै तयार हुनु पर्दछ भन्ने मलाई लाग्दछ ।

**उपस्थित श्रद्धेय महानुभावहरु,**

एकातर्फ न्यून केन्द्रीय वजेट, अर्को तर्फ न्यून आन्तरिक आय रहेको अवस्थामा नगरवासीहरुमा देखापरेको विकासको तिव्र चाहनालाई सम्वोधन गर्नु नगरपालिकाको प्रमुख चुनौतीको रुपमा रहेको छ

। त्यस्तै हालै गएको विनाशकारी भूकम्पका कारण नगरक्षेत्रमा पुनः निर्माण गर्नु अर्को मैले चुनौतीको रुपमा लिएको छु । मलाई विश्वास छ पुनः निर्माण कार्यमा नगरवासी, स्थानीय राजनीतिकदलहरु, सरकारी निकायहरुबाट पूर्ण सहयोग र साथ प्राप्त हुने नै छ र भीमेश्वर नगरपालिकाले प्राप्त गर्ने भूमिकालाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्नेछ भन्ने पनि म यहाँहरु समक्ष विश्वास दिलाउन चाहन्छु ।

## वजेट तर्जुमाका आधारहरु

सहभागितामूलक योजना तर्जुमाको मूलमर्म अनुरुप आ.व. २०७३/०७४ को वजेट तर्जुमा गर्दा मूख्य निम्न आधारहरु लिइएको छ :-

- नेपालको संविधान
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६
- स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४,
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समितिबाट प्राप्त बजेट सम्वन्धि मार्गदर्शन एवं निर्देशिकाहरु,
- नगरपालिकाको प्रथम आवधिक योजना (०६८।०६९-०७२।०७३)
- न्यूनतम शर्त तथा कार्यसम्पादन मापन **(MCPM)** कार्यविधि, २०६९
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव र भीमेश्वर नगरपालिकाका कार्यकारी अधिकृत बीच भएको कार्यसम्पादन सम्झौता
- स्थानीय माग अनुसार नगरपालिकामा राजनैतिक दलको तर्फबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुले दिएका राय सुझावहरु

## नीति तथा कार्यक्रमहरु

**आदरणीय महानुभावहरु,**

उल्लेखित आधारमा भीमेश्वर नगरपालिकाले आ.व. २०७३।०७४ का लागि निम्नानुसारको नीति तथा कार्यक्रम अवलम्वन गर्ने व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु :-

- "भीमेश्वर नगर, सफा नगर"को अवधारणा अनुरुप फोहरलाई कुहिने र नकुहिने फोहरकोरुपमा वर्गीकरण गरी कुहिने फोहरलाई कम्पोष्ट मलकोरुपमा उपयोग गर्ने गरी र नकुहिने फोहरलाई फोहर संकलन केन्दमा फोहर व्यवस्थापन सार्वजनिक नीजि साझेदारी नीति अन्तर्गत गरिने छ ।

- ऐतिहासिक, धार्मिक र साँस्कृतिक धरोहर दोलखा बजार क्षेत्रको पुनःनिर्माण गर्न र बजारको मौलिकता सहितको पूनःनिर्माणलाई अधि वढाउन Comprehensive Master Plan तयार गर्न समेत पहल गरिएको छ । विशेषतः बजारबासीहरुको सहभागितामा सो क्षेत्रको पुनःनिर्माण को लागि सरकारी एवं विभिन्न दातृ निकायहरुसँग अनुरोध गरिनेछ । वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, ०७२ अनुसार दोलखा बजार क्षेत्रको लागि विशेष मापदण्ड तयार गरिनेछ ।

- भीमेश्वर नगरपालिका क्षेत्रभित्र खानेपानीको सहज उपलब्धताको सुनिश्चितताको लागि साना शहरी खानेपानी आयोजनालाई उपभोक्ताहरुको सहभागितामा अधि बढाइने नीति लिइएको छ ।

- राष्ट्रिय भवन संहिता, २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मार्गदर्शन २०७२, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदण्ड २०७२ को आधारमा यस नगरपालिकाबाट स्वीकृत वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी मापदण्ड, २०७२ नागरिकहरुकै सहभागितामा कडाईकासाथ कार्यान्वयन गर्ने नीति लिइनेछ ।

- सडक क्षेत्र मिच्ने, नक्शा पास नगरी भवन निर्माण गर्ने, सार्वजनिक स्थानमा टहरा वनाउनेहरुलाई निरुत्साहित गर्दै कानूनी सजाय गर्ने नीति लिइएको छ । सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिईनेछ ।

- नगरपालिका क्षेत्रमा हरेक वर्ष १ कि.मि. सडकको दाँया वाँया सरोकारवालाहरुसँग समन्वय गरी वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

- वातावरण प्रदुषण हुन नदिन नगरपालिकालाई प्लाष्टिकमुक्त नगरपालिकाको रुपमा विकास गर्न मापदण्ड विपरितको प्लाष्टिक प्रयोगमा रोक लगाईने नीति लिइएको छ ।

- वैकल्पिक उर्जालाई प्रर्वद्धन गर्न सडक वत्तिलाई सौर्य उर्जाको माध्यमबाट सडक वत्ति संचालनमा ल्याउने नीतिलाई यसै वर्ष देखि कार्यान्वयन गरिदैं लगिनेछ ।

- भौतिक पूर्वाधार, सामाजिक परिचालन, आय आर्जन, पर्यटन विकास लगायत अन्य क्षेत्रमा सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार कार्य गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

- टोल सुधार समितिहरु गठन र विस्तार गदै शहरी सुशासन कायम गर्न नगरवासीलाई अभिप्रेरित गरिनेछ ।

- बढ्दो शहरीकरणलाई ध्यानमा राखी भू-उपयोग योजनाले निर्दिष्ट गरेका आवासीय क्षेत्रमा **Land Pooling** कार्यक्रम लागू गरिनेछ ।

- नगरमा उपलब्ध जमिनको प्रभावकारी उपयोग गर्दै व्यवस्थित नगरको विकास गर्न कुन स्थानमा जमिनको कस्ता प्रयोजनहरुको लागि उपयोग गर्न दिने भन्ने मूख्य भू-उपयोग क्षेत्र- आवासिय क्षेत्र, व्यापारिक क्षेत्र, कृषि क्षेत्र, हरित क्षेत्र, संरक्षित क्षेत्र आदि को निर्धारण गरी सो क्षेत्रहरु स्पष्ट देखिने गरी प्रभावकारी भू-उपयोग योजना निर्माण गर्ने लक्ष्य लिइएकोछ ।

- सरोकारवाला निकायको सहयोग र समन्वयमा घर नम्वरिङ्ग सिस्टम आगामी वर्ष देखि शुरुवात गरिनेछ । नमूना कार्यको रुपमा चरिकोट वजार क्षेत्र (वडा नं. १ र १०) र दोलखा वजार क्षेत्र (वडा नं. २, ३ र ४) लाई लिईनेछ ।

- भीमेश्वर नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा अघि वढाउन विधमान ऐतिहासिक, धार्मिक क्षेत्रहरुको अध्ययन/अनुसन्धान, संरक्षण/सुधार एंव पर्यटकीय पूर्वाधारहरु निर्माण गर्न विशेष पहल गरिनेछ ।

- भीमेश्वर मन्दिर र त्यस  वरपरको क्षेत्रलाई विश्व सम्पदा सूचिमा समावेश गराउन आवश्यक पहल गरिने र सो क्षेत्र लाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता लिइएको छ ।

- नगर भित्रका सवै सडकहरुको **Right of Way** निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्यनको आवश्यक व्यवस्था मिलाईनेछ । साथै नगरपालिका क्षेत्र भित्रका सडकहरुमा पर्ने जग्गाहरु नगरपालिकाको स्वामित्वमा आउने गरी कित्ताकाट गर्ने कार्यलाई अघि वढाउन विशेष पहल गरिनेछ ।

- आगामी आ.व. भित्र नगरक्षेत्र भित्रका सडकहरुको तथ्याङ्क (**Road Inventory**) तयार गरी नगर यातायात गुरुयोजना वनाउने लक्ष्य लिइएको छ ।

- नगरका प्रमुख बस्तिहरुमा साना सवारी एवं नगरबस जस्ता सार्वजनिक यातायात संचालन गर्न आवश्यक नीति तय गरिनेछ । सडकहरुलाई चालु हालतमा राख्न नगरस्तरीय मर्मत संभार कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

- नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधालाई कर संग आवद्ध गरी आन्तरिक आयमा वृद्धि गर्ने रणनीति लिइएको छ ।

- वालश्रमलाई हतोत्साहित र निवारण गर्न नगरपालिकाले गर्ने सेवा प्रवाहको निवेदनमानै यसै आ.व. देखि “वालश्रम नगर्ने र नगराउने” प्रतिवद्धता व्यक्त गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

- भीमेश्वर नगरपालिकालाई वालमैत्री स्थानीय शासनको अवधारणाकोरुपमा विकास गर्न नगरपालिका क्षेत्रका वालसंगठनहरुलाई सुदृढ गरी परिचालन गर्ने नीति लिइएको छ  ।

- नगर क्षेत्रमा सूचना केन्द्रको विकासको लागि नेपाल पत्रकार महासंघ दोलखासंग समन्वय र सहकार्य गर्ने नीतिलाई निरन्तरता लिइएकोछ ।

- नगरपालिकाले प्रवाह गर्ने सेवालाई अझ प्रभावकारी वनाउन विधुतीय शासन(e-governance) लाई कार्यान्वयन गर्दै लगिनेछ ।

- नगरपालिकाले संचालन गर्ने आयोजनाहरुमा योजनागत अनुशासन र गुणस्तर कायम गर्न सर्वपक्षीय अनुगमन पश्चात् मात्र भुक्तानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

- आगलागी जस्ता विपद व्यस्थापनका लागि यसै आ.व. मा दमकल खरिद गरी सरोकारवाला निकायहरु संगको समन्वयमा दमकलको संचालन तथा व्यवस्थापन गरिने छ ।

- महिला वालवालिका, दलित अपाङ्ग, जेष्ठ नागरिक, पिछडिएको वर्ग लगायतका लागि स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार विनियोजित रकमको प्रभावकारिताका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

- भूकम्पले क्षति भएका वस्तीहरुको पून: निर्माण गर्न घरधनीहरुकै सहभागितामा जग्गा एकीकरण मार्फत व्यवस्थित वस्ती विकासको कार्यलाई अघि वढाइनेछ ।

**उपस्थित श्रद्धेय महानुभावहरु,**

अव म आर्थिक बर्ष २०७३/०७४ को लागि २२ औ नगरपरिषदबाट स्वीकृत बजेटको सारांश प्रस्तुत गर्न चाहन्छु ।

भीमेश्वर नगरपालिकाको आ.व. २०७१/०७२ को यथार्थ पुजीगत खर्च रु **२ करोड ९३ लाख ५१ हजार ९ सय १४ रुपैया** थियो भने चालु खर्च रु **२ करोड ११ लाख ५६ हजार ८ सय ८७** समेत **कुल वजेट रु ५ करोड ५ लाख ८ हजार ८ सय १ रुपैया** रहेको थियो । जस मध्ये पुजीगत खर्च ५८.११ प्रतिशत र चालु खर्च ४१.८८ प्रतिशत रहेको छ ।

सो को आधारमा यस परिषदबाट चालु **आ.व.** २०७२/०७३ को लागि पुजीगत खर्च रु **५ करोड ७३ लाख ९५ हजार** र चालु खर्च रु **१ करोड ८४ लाख ५५ हजार ३ सय ९१ रुपैया १ पैसा** समेत **कुल वजेट रु. ७ करोड ५८ लाख ५० हजार ३ सय ९१ रुपैया १ पैसा** को संसोधन अनुमान पेश गरेको छु । जस मध्ये पुजीगत खर्च ७५.६६ प्रतिशत र चालु खर्च २४.३३ प्रतिशत रहेको छ ।

त्यसै गरि आगामी **आ.व.** २०७३/०७४ को लागि नगरपालिकालाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समितिको कार्यालय, दोलखा र अन्य निकायबाट प्राप्त बजेट सम्वन्धि मार्ग निर्देशन तथा सिलिङका आधारमा आगामी आ.व. २०७३/०७४ को लागि पुजीगत खर्च रु **५ करोड ४८ लाख ४८ हजार** र चालु खर्च रु **१ करोड ९२ लाख १६ हजार** समेत **कुल वजेट रु ७**

**करोड ४० लाख ६४ हजार**को अनुमान पेश गरेको छु । जस मध्ये पुजीगत खर्च ७४.०५ प्रतिशत र चालु खर्च २५.९४ प्रतिशत रहेको छ ।

**आदरणीय महानुभावहरु**

अन्त्यमा, भीमेश्वर नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी व्यस्त समयको वावजुद प्रमुख अतिथिको रुपमा उपस्थित भै यस सार्वजनिकीकरण समारोहको शोभा वढाईदिनु भएकोमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री श्री आनन्द प्रसाद पोखरेलज्यू, अतिथिज्यूहरु लगायत सम्पुर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै नगरपरिषदको तयारीको लागि अहोरात्र खटिनु भएका कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरुलाई पनि विषेश धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**संजय बहादुर राजलवट**
प्रमुख एवं कार्यकारी अधिकृत
भीमेश्वर नगरपालिका कार्यालय
३० पौष, २०७२